# स्थानीय राजपत्र

खण्ड:४ संख्या: ३७ मिति: २०८२/०२/२१

**भाग-१**

**तुम्बेवा गाउँपालिका, पाँचथरद्वारा प्रकाशित**

## तुम्बेवा गाउँपालिकाको ब्याक-हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

तुम्बेवा गाउँपालिकाको ब्याक-हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः – २०८१/०८/१२

प्रस्तावनाः तुम्बेवा गाउँपालिका क्षेत्र भित्रका सडकहरु तथा भौतिक पूर्वाधारको निर्माण तथा मर्मत सम्भार, विपद व्यवस्थापनको कार्यहरुमा मापदण्ड बमोजिम प्रयोग गर्नको लागि गाउँपालिकाको स्वामित्वमा रहेको ब्याक हो लोडर सञ्चालन र व्यवस्थापनका लागि देहायका शर्त, बन्देजमा रही सञ्चालन गर्ने गराउने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी तुम्बेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले ब्याक हो लोडर सञ्चालन कार्यविधि, २०८१ बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम "तुम्बेवा गाउँपालिकाको ब्याक-हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भई अध्यक्षबाट प्रमाणीकरण भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाइ सम्झनु पर्दछ ।

(ख) "ब्याक-हो लोडर" भन्नाले यस गाउँपालिकाको स्वामित्वमा रहेको ब्याक-हो लोडर मेशिनलाई सम्झन पर्दछ । यस कार्यविधिमा ब्याक-हो लोडरलाई "मेशिन" समेत भनी सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले तुम्बेवा गाउँपालिकालाई सम्झनु पर्दछ ।

(घ) "गाउँसभा" भन्नाले तुम्बेवा गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्दछ ।

(ङ) "अध्यक्ष" भन्नाले तुम्बेवा गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ ।

(च) "उपाध्यक्ष" भन्नाले तुम्बेवा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(छ) "गाउँ कार्यपालिका" भन्नाले तुम्बेवा गाउँपालिकाको गाउँ कार्यपालिका लाई सम्झनु पर्दछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तुम्बेवा गाउँ कार्यपालिका कार्यालयका प्रमुख प्रशासीकय अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) "इन्जिनियर" भन्नाले तुम्बेवा गाउँपालिका गाउँ कार्यपालिका कार्यालयमा कार्यरत इन्जिनियरलाई सम्झनु पर्दछ ।

(ञ) “कार्यालय” भन्नाले तुम्बेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ट) “कोष” भन्नाले ब्याक-हो लोडर सञ्चालनका लागि स्थापना गरिएको कोष सम्झनु पर्दछ ।

(ठ) “अपरेटर” भन्नाले गाउँपालिकाले नियुक्त गरेको ब्याक-हो लोडरको चालक तथा सह-चालक लाई सम्झनुपर्दछ ।

(ड) “मेसिन” भन्नाले अनपेक्षित रुपमा आइ पर्ने विपद्ले निम्याउने गाउँपालिका भित्रका र सबै प्रकारका समस्याहरु समाधान गर्ने ब्याक-हो लोडर लाई सम्झनुपर्दछ ।

**३. उद्येश्यः**

कार्यालयबाट सञ्चालन गरिने सडक निर्माण तथा मर्मत सम्भार लगायत भौतिक पूर्वाधारका आयोजनाहरु, उपभोक्ता समितिद्धारा सञ्चालित आयोजनाहरु, स्थानीय सरकारी/गैह्र सरकारी सङ्घ /संस्था लगायत निर्माण व्यवसायीद्धारा सञ्चालित विकास आयोजनाहरु तथा छिमेकी पालिकाहरुको विकास कार्यत्र,महरुमा माग भए अनुसार प्राथमिकताका आधारमा प्रयोगमा पठाउनका लागि आवश्यक भूमिका निर्वाह गर्नु नै कार्यविधिको प्रमुख उद्येश्यक रहेको छ ।

## परिच्छेद २
## ब्याक-हो लोडर सञ्चालन प्रक्रिया

**४. सञ्चालन विधिः** तुम्बेवा गाउँपालिकामा रहेको ब्याक-हो लोडर सञ्चालनका लागि देहायको प्रकृया पुरा भए पश्चात मात्र फिल्डमा खटाइनेछ :

(१) गाउँपालिका अन्तर्गतका सडकहरुको मर्मत सम्भार गर्नुपर्ने भएमा वा गाउँपालिका अन्तर्गतका पूर्वाधार विकासका कार्यहरुमा प्रयोग गर्नुपर्ने भएमा ब्याक-हो लोडर सञ्चालन हुने सम्बन्धित वडा कार्यालयले गाउँपालिकामा प्रयोजन खुलाई सिफारिस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस प्राप्त भए पश्चात सम्बन्धीत वडामा तोकिएका प्राविधिकले स्थलगत नापजाँच गरी लागत अनुमान तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गारउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृत लागत अनुमान दफा १० बमोजिमको सञ्चालक समितिको बैठकमा पेश भई बैठकको निर्णय अनुसार योजना शाखा प्रमुखले अनुसूची १ बमोजिमको ढाँचामा मेसिन फिल्डमा खटाउनको लागि कार्यादेश उपलब्ध गारउनु पर्नेछ ।

(४) उपदफा ३ बमोजिम खटिएकोमा काम सम्पन्न भइसकेपछि फिल्डमा काम सूरु गर्नुपूर्व र सम्पन्न भएपश्चातको तस्विर अपरेटर सहायकले योजना शाखामा पेश गर्नुपर्नेछ ।

(५) मेसिन खटिइ गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भएपश्चात मेसिन अपरेटरले कामको विवरण सहित मिटर अध्यावधिक अभिलेख सहितका अनुसूची ३ बमोजिमको ढाँचामा लगबुक कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

(६) योजना शाखाले उपदफा (१), (२), (३), (४) र (५) बमोजिमका अभिलेखहरु सुरक्षित राख्नुपर्नेछ ।

(७) गाउँपालिका अन्तर्गतका सडकहरुको ट्राक खोल्ने, मर्मत सम्भार लगायत अन्य आवश्यक ठाउँहरुमा तथा विपद् सम्बन्धी कार्यहरु गर्न प्रक्रिया पुरा गरी सञ्चालन गर्न सकिनेछ ।

(८) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि विपद्को कारणबाट अवरुद्ध सडक सुचारु गर्न तथा विपद् व्यवस्थापनको कार्यमा प्रयोग गर्नुपरेमो कार्यालयको निर्णय बमोजिम मेसिन फिल्डमा खटाई यस दफा बमोजिमको प्रक्रिया पुरा गरी अभिलेख राख्न बाधा पर्नेछैन ।

**५. ब्याक-हो लोडर भाडामा दिँदा अपनाउनुपर्ने कार्यविधिः**

(१) ब्याक-हो लोडर माग गर्ने व्यक्ति वा संस्थाले अनुसूची २ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

(२) ब्याक-हो लोडर माग गर्ने व्यक्ति वा संस्थाका माग निवेदन उपर कार्यालयको निर्णय बमोजिम मेसिन माग गरिएको समय र सो बराबरको कार्यालयले तोके अनुसारको शुल्क अग्रिम कार्यालयमा नगदै वा तोकिएको बैंकमा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रक्रिया पुरा भएपश्चात गाउँपालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको निवेदन र कामको प्रकृतिलाई समेत मध्यनजर गरी प्राथमिकताका साथ योजना शाखा प्रमुखले अनुसूची १ बमोजिमको ढाँचामा मेसिन फिल्डमा खटाउनको लागि कार्यादेश उपलब्ध गराउनुपर्नेछ ।

(४) ब्याक-हो लोडर अपरेटरलाई कार्यालयको स्वीकृत लिखित आदेश विना कुनै स्थान विशेषमा मेसिन लगि का मगर्ने गराउने अधिकार रहनेछैन ।

(५) निवेदकले माग गरिएको समय भन्दा बढी समय सम्म कामकाज गर्नु/गराउनुपर्ने भएमा मेसिन अपरेटरले तत्काल कार्यालयमा सम्बन्धित अधिकारीलाई खबर गरी थप कार्यादेश लिएर थप समयको रकम अग्रिम गाउँपालिकामा जम्मा गर्न लगाएर मात्र मेसिन सञ्चालन गर्नुपर्नेछ ।

(६) मेसिन फिल्डमा खटाउँदा कार्यालय कम्पाउण्ड देखि काम सम्पन्न गरी पुनः कार्यालय फिर्ता भए सम्मको समयको गणना गरी स्थानीय दररेट अनुसारको शुल्क मेसिन प्रयोग कर्ताले बुझाउनुपर्नेछ ।

(७) मेसिन खटिइ गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भएपश्चात मेसिन अपरेटरले कामको विवराण सहित मिटरका अध्यावधिक अभिलेख कार्यालय समक्ष अनुसूची ३ बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ ।

(८) ब्याक-हो लोडर काममा खटिइ तोकिएको समय भन्दा अगावै काम सम्पन्न भई प्रयोग कर्ताको धरौटी रकम सञ्चित रहेको खण्डमा मेसिन अपरेटर र योजना शाखा वा प्राविधिक शाखाको सिफारिसको आधारमा मात्र नियमानुसार सञ्चित समय वापत हुन आउने रकम जम्मा गर्न निवेदकलाई फिर्ता गरिनेछ ।

(९) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिका क्षेत्र भित्र उपभोक्ता समिति मार्फत सञ्चालित गाउँपालिकास्तरीय र वडा स्तरीय आयोजनाको हकमा मेसिन प्रयोग गर्नुपर्दा स्वीकृत लागत अनुमान बमोजिम मेसिन प्रयोग गरी आयोजनाको रकम भुक्तानी हुदा मेसिनको भाडा वापतको रकम कट्टी गरी दफा ७ बमोजिमको कोषमा जम्मा गरी बाँकी रकम उपभोक्ता समितिको नाममा भुक्तानी गर्न बाधा पर्नेछैन ।

## ६. ब्याक-हो लोडर सञ्चालन सेवा शुल्क:

(१) कुनै व्यक्ति वा संघ संस्थाबाट ब्याक-हो लोडर माग भै आएमा सो को लागि लाग्ने सेवा शुल्क गाउँसभाले स्वीकृत गरेको आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ तर आर्थिक ऐनमा व्यवस्था नभएसम्मको लागि गाउँसभाले अनुमोदन गर्ने गरी गाउँ कार्यपालिका बैठकले तोके बमोजिम हुनेछ ।

## ७. ब्याक-हो लोडर कोष सञ्चालन सम्बन्धी व्यवस्था:

(१) तुम्बेवा गाउँपालिकामा रहेको ब्याक-हो लोडर सञ्चालनका लागि एक कोष स्थापना गरिनेछ। उक्त कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिकाको लेखा प्रमुखबाट संयुक्त रुपमा गरिने छ ।

(२) कोषमा देहाय बमोजिमको रकमबाट आम्दानी बाँधिनेछ :

(क) ब्याक-हो लोडर सञ्चालन बापतको सबै प्रकारको आम्दानी

(ख) गाउँसभाबाट विनियोजित रकम

(३) कोषमा जम्मा भएको रकम देहाय बमोजिमको कार्यमा खर्च गर्नसकिनेछ।

(क) ब्याक-हो लोडर सञ्चालन मर्मत सम्भार तथा इन्धन वापतको रकम भुक्तानी गर्न ।

(ख) मेसिन अपरेटरको तलबभत्ता र अपरेटर सहायको भत्ता वापतको रकम भुक्तानी गर्न । भत्ता वापतको रकम भुक्तानीको लागि दफा १० बमोजिमको सञ्चालक समितिको बैठकको निर्णय र अनुसूची ३ बमोजिमको प्रमाणित लगबुक समेत आर्थिक प्रशासन शाखामा पेश गर्नुपर्नेछ ।

(ग) मेसिन सञ्चालन गरेवापत प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई तिर्नुपर्ने कर वापतको रकम

(घ) मेसिन सञ्चालन गर्दा आइपर्ने विविध तथा भैपरि खर्च

(४) कोषको लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

(५) प्रत्येक आर्थिक बर्षको अन्यमा कोषको रकम आन्तरिक आम्दानीको रुपमा गाउँपालिकाको सञ्चित कोषमा आम्दानी बाँधिनेछ ।

**८. इन्धन तथा मर्मत सम्वन्धी व्यवस्थाः**

(१) मेसिन अपरटेरले इन्धन तथा लुव्रिकेन्टस् माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम भरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ । इन्धन तथा लुव्रिकेन्टस् खपतको अद्यावधिक लगत मेशिन अपरटेरले तयार गरि इन्जिनियरको सिफारिस सहित पेश गर्नुपर्नेछ ।

(२) इन्धन तथा लुव्रिकेन्ट्स र मर्मत सम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत गाउँ कार्यपालिकाको कार्यालयको जिन्सी शाखामा अद्यावधिक राखिनेछ ।

(३) मेशिन बिग्रिएमा बिग्रिएको लिखित जानकारी मेशिन अपरटेरले कार्यालयलाई गराउनु पर्नेछ। कार्यालयबाट वर्कसपमा चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भए पश्चात मात्र मर्मत सम्भारका कार्य गरिनेछ ।

(४) उपदफा (३) बमोजिमको जानकारी प्राप्त भएपछि जिन्सी शाखाले वर्कसपमा चेकजाँच गराई मर्मत सम्भार गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी मेकानिकल इन्जिनियरको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ । प्रमुख प्रशासकीय अधिकृत बाट स्वीकृत भए पश्चात मात्र मर्मत सम्भारको कार्य गरिनेछ ।

(५) मर्मत सम्भारका कार्य गर्दा गराउदा मेसिन अपरेटर वा इन्जिनिय वा जिन्सी शाखाका प्रतिनिधि वर्कसपमा रहनुपर्नेछ ।

**९. अपरेटर सम्बन्धी व्यवस्था :**

(१) तुम्बेवा गाउँपालिकामा रहेको ब्याक-हो लोडर सञ्चालन गर्न एक अपरटेर र एक सहायक अपरेटर रहनेछन् ।

(२) अपरेटरको नियुक्ती गाउँपालिकाको करार कर्मचारी नियुक्ती गर्ने कार्यविधि बमोजिम हुनेछ ।

(३) अपरेटरको सेवा सुविधा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(४) अपरटेरको जिम्मेवारी तथा कतर्व्य करार सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ ।

(५) अपरेटरको काममा सहयोग गर्न दफा १० बमोजिमको समितिले एक जना कर्मचारीलाई अपरेटर सहयोगीको रुपमा तोक्न सक्नेछ ।

(६) अपरेटरले कार्यालयले दिएको कार्य विवरण र निर्देशन विपरीत काम गर्नाले कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फी करार भङ्ग गरी क्षतिपूर्ति असुल उपर गरिने छ ।

## १०. ब्याक-हो लोडर सञ्चालन समितिः

(१) ब्याक-हो लोडर मेसिनलाई सञ्चालन तथा व्यवस्थापनका लागि तपसिल बमोजिमको अध्यक्षका संयोजकत्वमा एक समिति रहने छः

| | | |
|---|---|---|
| (क) अध्यक्ष | - | संयोजक |
| (ख) उपाध्यक्ष | - | सदस्य |
| (ग) पूर्वाधार विकास समितिको संयोजक | - | सदस्य |
| (घ) वन बातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक | - | सदस्य |
| (ङ) प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| (च) इन्जिनियर | - | सदस्य |
| (छ) लेखा शाखा प्रमुख | - | सदस्य |
| (ज) योजना शाखा प्रमुख | - | सदस्य सचिव |

(२) सञ्चालक समितिले आवश्यकता अनुसार ब्याक-हो लोडर सञ्चालनको अवस्था तथा सो को अनुगमन निरिक्षण गर्न सक्नेछ ।

(३) मेसिनको सञ्चालन मर्मत सम्भार र सुरक्षाका सम्बन्धमा सञ्चालक समितिले आश्यक निर्देशन दिन सक्नेछ ।

(४) सञ्चालक समितिले मेसिन सञ्चालन र व्यवस्थापन कार्यको जिम्मेवारी कार्यालयको कुनै शाखा नगर प्रहरी वा कुनै कर्मचारी लाई तोक्न सक्नेछ ।

(५) सञ्चालक समितिको बैठक न्यूनतम महिनाको एक पटक बस्नेछ र आवश्यकता अनुसार बस्न सक्नेछ । सो बैठकमा एक महिना भित्र मेसिन खटिएको अनुसूची ३ बमोजिमको विवरण र सोबाट प्रास्त आय र व्ययको विवरण सिहतको दफा ७ बमोजिमको कोषको यथार्थ अवस्था बैठकमा पेश गरी अनुमोदन गराउनु पर्नेछ ।

(६) बहुमत सदस्यको निर्याय मान्य हुनेछ । समितिको बैठक सञ्चालन वापत भत्ता रकम प्राप्त हुनेछैन ।

७. ब्याक-हो लोडर भाडा प्रयोजनमा प्रयोग गर्न दिदा दफा १० बमोजिम गठन भएको समितिले दररेट निर्धारण गर्नेछ ।

## परिच्छेद ३
## विविध

**११. दायित्व जिम्मेवारी सम्बन्धी व्यवस्था :**

(१) माइल मिटर र आवश्यक उपकरण सहित ब्याक हो लोडर मेसिन चुस्त दुरुस्त रख्ने र इन्धन लुब्रिकेन्टस् आदिको लगबुक अद्यावधिक राख्ने दायित्व मेसिन अपरेटरको हुनेछ ।

(२) अपरेटर सहयोगीले मेसिन अपरेटरलाई आवश्यक सहयोग पुऱ्याउनु पर्नेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले यस कार्यविधि बमोजिम आफुलाई प्रास्त सबै वा केही अधिकार र जिम्मेवारी कुनै अधिकृत कर्मचारीलाई प्रादन गर्न सक्नेछ ।

(४) मेशिन कार्यालयको पूर्ण नियन्त्रणमा रहनेछ । प्रमुख प्रशासकीय अधिकृत, तोकिएको कर्मचारी, इन्जिनियर र जिन्सी शाखा प्रमुखले मेसिन चुस्त दुरुस्त राख्न ध्यान दिनुपर्नेछ ।

**१२. कार्यविधिमा संशोधनः**

गाउँपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ ।

**१३. बाधा अड्काउ फुकाउ सक्नेः**

(ग) यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै किसिमको द्विविधा उत्पन्न भएमा वा बाधा अड्काउ आइपरेमा कार्यविधिको ब्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकाको रहनेछ ।

**अनुसूची १**
**(दफा ४ को उपदफा ३ सँग सम्बन्धित)**

श्री..........................शाखा/इकाई,

विषय: कार्यादेश प्रदान गरिएको सम्बन्धमा ।

श्री .............................को मिति .....................को निवेदन बमोजिम ब्यक हो लोडर सञ्चालक समिति/ कार्यालयको मिति .................को निर्णयानसुार ब्यक हो लोडर सञ्चालन कार्यविधि, २०८१ को अधिनमा रहि तपसिल बमोजिम सञ्चालनका लागि अनुमति प्रदान गरिएको छ ।

तपसिल:

| खटिइएको वडा र स्थान | गाउँपालिकाबाट खटिने स्थानसम्म पुग्न लाग्ने अनुमानित समय | कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय | जम्मा समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

योजना शाखा प्रमुख
दस्तखत

## अनुसूची २
## (दफा ४ को उपदफा १ सँग सम्बन्धित)

<u>ब्याक हो लोडर माग निवेदन</u>

मिति : .............

श्री तुम्बेवा गाउँ कार्यपालिकाको कार्यालय, मौवा, पाँचथर

विषय : ब्याक हो लोडर उपलब्ध गरी पाउँ ।

यस तुम्बेवा गाउँपालिकाको कार्यालयको ब्याक-हो लोडरको नियमानुसार लाग्ने शुल्क भुक्तानी गर्ने गरी देहायको कामका लागि देहायको संस्था/व्यक्ति/उपभोक्ता समितिलाई आवश्यक परेकोले तपसिल बमोजिमको विवरण भरी माग गरेको छु/छौं ।

ब्याक-हो लोडर माग गर्नेले भर्ने :

| ब्याक-हो लोडर माग गर्ने व्यक्ति/संस्था/उपभोक्ता समितिको नाम, ठेगाना | कामको विवरण | ब्याक-हो लोडर प्रयोग हुने स्थान | माग गरिएको समय र दिन | कैफियत |
|---|---|---|---|---|
| | | | | |

माग गर्नेको दस्तखतः

संस्था/ सपभोक्ता समितिको छापः

कार्यालयले भर्ने :

| गा.पा बाट खटिने स्थानसम्म पुग्न लाग्ने अनुमानित समय | माग गरिएको समय र दिन | अनुमानित लाग्ने समय | अनुमानित समयको शुल्क | जम्मा गर्नुपर्ने शुल्क रु. |
|---|---|---|---|---|
| | | | | |

पेश गर्ने    परिक्षण गर्ने    सिफारिस गर्ने

राजश्व शाखाले भर्ने

| रसिद नं. र मिति | जम्मा गरिएको रकम | रकम बुझ्नेको दस्तखत |
|---|---|---|
| | | |

स्वीकृत गर्ने

## अनुसूची ३
## (दफा ४ को उपदफा (५) को उपदफा (७) सँग सम्बन्धित)

ब्याक हो लोडर सञ्चालन लग बुक

सवारी साधन नम्बर अपरेटरको नामथर

साल महिनाको मासिक लगबुक

| क्र.स. | मिति | कामको विवरण | सुरु अंक (घण्टा मिनेट) | अन्तिम अंक(घण्टा मिनेट) | जम्मा घण्टा मिनेट | इन्धन खपत अनुमानित | अन्य खर्च | अपरेटरको हस्ताक्षर | मेसिन प्रयोगकर्ताको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| कुल जम्मा | | | | | | | | | | |

सिफारिस गर्ने
प्राविधिक कर्मचारी

रुजु गर्ने
योजना शाखा प्रमुख

प्रमाणित गर्ने
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ४
## (दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

मिति :

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
तुम्बेवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
मौवा पाँचथर

विषय : ब्याक-हो लोडर मर्मत सम्बन्धमा ।

यस कार्यालयले सञ्चालनमा ल्याएको ब्याक-हो लोडरको तपसिलको पार्टसमा खराबी आई सञ्चालनमा बाधा परेकोले चेकजाँच गराई मर्मतको व्यवस्था मिलाई दिनुहुन यो निवेदन गर्दछु ।

तपसिलः

| समस्या आएका सामान वा पार्टस्को विवरण | परिमाण | सामान फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

मेशिन अपरेटरको दस्तखत :

...........................

नाम :
मितिः

इन्जिनियरले भर्ने :
उपरोक्त सामान फेर्नु पर्ने र मर्मत गर्नु पर्ने देखिएकाले सिफारिस गर्दछु ।
सिफारि गर्ने इन्जिनियरको दस्तखत :
नामः

स्वीकृत गर्ने
प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,

केशव कुमार थापा

नि.प्रमुख प्रशासकीय अधिकृत